नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४४७४८५२, ४४८०२७६, ४४७८०८५, ४४८०३२६, ४४८०४२५, ४४९६८००, ४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७४/०७५ (अनुमतिपत्र)
चलानी नं. : १८००

मितिः २०७५/३/२२

**विषयः- मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बारे ।**

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, बिपिसी भवन, रुद्रमतीमार्ग, बुद्धनगर, काठमाडौं, नेपाल ।
पो.ब.नं. : १९७५२ इमेल : info@vucl.org, mohanrajpanta@gmail.com
फोन नं. : ०१-४७८८६८० मोवाइल नं. : ९८५११३६६५८(मोहनराज पन्त)

प्रस्तुत विषयमा तहांले मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन २०७५/२/२७ मा दिएको दरखास्त अनुसार विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा २ र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (सचिवस्तर) को मिति २०७५/३/१५ को निर्णयानुसार मिति २०७७/३/१४ सम्म (दुई बर्ष) बहाल रहने गरी जारी भएको १९,०२,००० किलोवाट (१,९०२ मेगावाट, प्रारम्भिक डेष्क स्टडी प्रतिवेदन अनुसार) क्षमताको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या वि.वि.वि. ०७४/७५ वि.उ.स. १०२० यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

संलग्न : **विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या : वि.वि.वि. ०७४/७५ वि.उ.स. १०२० ।**

.........................
(दुर्गानारायण भुसाल)
ईन्जिनियर

**बोधार्थः**
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार ।
श्री विद्युत विकास विभाग,
- आयोजना अध्ययन महाशाखा ।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा ।
- आर्थिक प्रशासन शाखा : *प्रवर्द्धकबाट अनुमतिपत्र दस्तुर वापत मिति २०७५।१।२ आ.र.नं. ५११३ ध.भौ.नं. ०३५७७१ उल्लेख भएकोबाट जम्मा गरेको धरौटी रकम रू. १,२०,००,०००।०० राजस्व खातामा जम्मा हुन ।*

श्री जिल्ला जलस्रोत समिति, मुगु (मार्फत, जिल्ला समन्वय समिति, मुगु) ।
श्री जिल्ला जलस्रोत समिति, हुम्ला (मार्फत, जिल्ला समन्वय समिति, हुम्ला) ।
श्री जिल्ला जलस्रोत समिति, जुम्ला (मार्फत, जिल्ला समन्वय समिति, जुम्ला) ।
श्री जिल्ला जलस्रोत समिति, कालीकोट (मार्फत, जिल्ला समन्वय समिति, कालीकोट) ।
श्री जिल्ला जलस्रोत समिति, बाजुरा (मार्फत, जिल्ला समन्वय समिति, बाजुरा) ।
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री बुटवल पावर कम्पनी लिमिटेड, गंगादेवीमार्ग-३१३ बुद्धनगर, काठमाडौं, ४७८१७७६, ४७८५२९५:
विशेष ध्यानाकर्षण : अनुमतिपत्रको प्रकरण ७. (ध) ।
श्री पायोनियर हाइड्रो प्रा.लि., का.म.न.पा. ३२ कोटेश्वर, ९८५१०६३२२४ :
विशेष ध्यानाकर्षण : अनुमतिपत्रको प्रकरण ७. (न) ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र

(मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना)

**अनुमतिपत्र संख्या : वि.वि.वि.०७४/७५ वि.उ.स. १०२०**

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, बुद्धनगर, काठमाडौं, नेपाल ।

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०७५/२/२७ मा दिनुभएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. **विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :**
श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, बिपिसी भवन, रुद्रमतीमार्ग, बुद्धनगर, काठमाडौं, नेपाल ।
पो.ब.नं. : १९७५२
फोन नं. : ०१-४७८८६८०
मोवाइल नं. : ९८५११३६६५८(मोहनराज पन्त)
इमेल : info@vucl.org, mohanrajpanta@gmail.com

२. **उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :** जलविद्युत ।

३. **जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम :** कर्णाली नदी ।
(साविकको कर्णाली अञ्चल मुगु जिल्लाको फोटु, भियेइ, जिमा, सेरी, श्रीकोट, गुम्था, खौमले, धैनाकोट, राराकलाई, ह्याङ्लु, सुखाधिक, कोटडांडा र नाथार्पु गा.वि.स., हुम्ला जिल्लाको मदाना, मैला, श्रीनगर, कालिका र जैर गा.वि.स., जुम्ला जिल्लाको पाण्डवगुफा र धापा गा.वि.स., कालिकोट जिल्लाको ढोलागो र खिन गा.वि.स. तथा सेती अञ्चल बाजुरा जिल्लाको बिछैन, गोत्री, सापटा, बे, जुकोट, जगन्नाथ, कोटीला, कोल्टी, बद्धु र रुगिन गा.वि.स.हरुमा अवस्थित कर्णाली नदीमा पहिचान भएको १९,०२,००० कि.वा. ( १,९०२ मेगावाट, प्रारम्भिक डेष्क स्टडी प्रतिवेदन अनुसार) क्षमताको मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना ।)

४. **सर्वेक्षण गर्ने क्षेत्र :**

| | | | |
|---|---|---|---|
| (क) | अञ्चल | : | कर्णाली र सेती । |
| (ख) | जिल्ला | : | मुगु, हुम्ला, जुम्ला, कालीकोट र बाजुरा । |
| (ग) | गा.वि.स./नगरपालिका | : | मुगु जिल्लाको फोटु, भियेइ, जिमा, सेरी, श्रीकोट, गुम्था, खौमले, धैनाकोट, राराकलाई, ह्याङ्लु, सुखाधिक, कोटडांडा र नाथार्पु गा.वि.स., हुम्ला जिल्लाको मदाना, मैला, श्रीनगर, कालिका र जैर गा.वि.स., जुम्ला जिल्लाको पाण्डवगुफा र धापा गा.वि.स., कालिकोट जिल्लाको ढोलागो र खिन गा.वि.स. तथा बाजुरा जिल्लाको बिछैन, गोत्री, सापटा, बे, जुकोट, जगन्नाथ, कोटीला, कोल्टी, बद्धु र रुगिन गा.वि.स.हरु । |
| (घ) | पूर्व | : | ८१° ५७' १३" पूर्वी देशान्तर । |
| | पश्चिम | : | ८१° ३९' १४" पूर्वी देशान्तर । |
| | उत्तर | : | २९° ४१' २२" उत्तरी अक्षांश । |
| | दक्षिण | : | २९° २३' ४३" उत्तरी अक्षांश । |

(माथि उल्लिखित क्षेत्र भित्रको कर्णाली नदीको पानी उपयोग गर्ने गरी)

५. **सर्वेक्षणको प्रकृति :**
आयोजनाको संभाव्यता तथा वातावरणीय अध्ययन ।

६. **अनुमतिपत्र बहाल रहने अवधि :**
मिति : २०७५/३/१५ देखि २०७७/३/१४ सम्म ।

७. अन्य शर्तहरू :

(क) सर्वेक्षण कार्य गरिने स्थलको मोटा-मोटी नक्सा त्यस संस्थाले दरखास्तसाथ पेश गरेको अनुसूची-१ को संलग्न नक्सा बमोजिम हुनेछ ।

(ख) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम सर्वेक्षणको कार्य ३ महिनाभित्र शुरू गरी सोको जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ । विभागीय अनुगमन प्रयोजनका लागि प्रत्येक ६/६ महिनामा कार्य प्रगति विवरण विभाग समक्ष उपलब्ध गराउनु पर्नेछ । विभागले आवश्यक ठानेमा कार्यप्रगति सम्बन्धमा फिल्ड अनुगमन एवम् प्रस्तुति समेत गर्न लगाउन सक्नेछ ।

(ग) नेपाल सरकारबाट जलविद्युत आयोजनाहरूको अध्ययन कार्य गर्दा अपनाउनु पर्ने प्रकृया बारे तयार गरिएको "Guidelines for Study of Hydropower Projects, December 2003" को अधिनमा रही त्यस संस्थाले पेश गरेको Desk Study Report तथा दरखास्तसाथ पेश गरेका अन्य कागजातहरू बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) अनुमतिपत्र प्रदान भएको मितिबाट दुई वर्षको अवधिभित्र प्रवर्द्धकले कम्तिमा यस अनुमतिपत्रको प्रकरण ७ (ग) मा उल्लिखित स्वीकृत Guidelines बमोजिम आयोजनाको Topographical Mapping, Surface Geological Mapping, Geophysical Survey, Construction Material Survey, Hydrological Studies, Sediment Sampling and Analysis, Geotechnical Investigation सम्बन्धी कार्यहरू सम्पन्न गरी वातावरणीय अध्ययनतर्फ उल्लेखनीय प्रगति गर्नुपर्नेछ र त्यसको प्रगति प्रतिवेदन विद्युत विकास विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) शर्त ७(घ)मा उल्लिखित कार्यहरू तोकिएको अवधिभित्रै एवम् शर्त ७(ग) बमोजिमको गुणस्तरमा सम्पन्न गर्नेगरी तयार गरिएको परिमार्जित कार्यतालिका यो अनुमतिपत्र प्रदान भएको मितिले एक महिनाभित्र विभाग समक्ष पेश गर्नुपर्नेछ ।

(च) उपरोक्त अनुसारको कार्यतालिका बमोजिम अध्ययन कार्यहरू सम्पन्न गरी बांकी कार्यहरू सम्पन्न गर्न प्रचलित कानून एवम् निर्देशिका बमोजिम अनुमतिपत्र नवीकरणको लागि दरखास्त पेश गर्नुपर्नेछ । यस्तो दरखास्तसाथ प्राप्त हुने प्रतिवेदन एवम् कार्यतालिका अनुसारको प्रगति विवरण सन्तोषजनक भएमा मात्र अनुमतिपत्रको नवीकरण प्रक्रिया अघि बढाइनेछ । अन्यथा उक्त अनुमतिपत्र रद्द गरिनेछ ।

(छ) यस अनुमतिपत्र बमोजिमको अध्ययन गर्न लाग्ने सम्पूर्ण रकम त्यस संस्थाले व्यहोर्नु पर्नेछ र त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन ।

(ज) अनुमतिपत्र प्राप्त व्यक्तिले यो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा ५ बमोजिम तोकिएका अधिकारीबाट स्वीकृती लिनुपर्नेछ । अनुमतिपत्रको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ ।

(झ) यस अनुमतिपत्रमा उल्लिखित संस्थाको ठेगानामा कुनै परिवर्तन भएको खण्डमा नयां ठेगानामा सरेको १५ दिनभित्र विभागलाई जनाकारी गराउनुपर्नेछ । जानकारीको अभावमा विभागद्वारा प्रेषित पत्र फिर्ता आएमा सोको जिम्मेवारी प्रबर्द्धक स्वयम्को हुनेछ । विभागले कुनै बिवरण वा प्रतिक्रिया लिन आवश्यक भएमा त्यस संस्थाले उपलब्ध गराएको पछिल्लो ठेगानालाई नै आधार बनाईनेछ ।

(ञ) वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र अन्य वातावरण सम्बन्धी प्रचलित कानूनी प्रावधानहरू अनुसार गर्नु पर्नेछ ।

(ट) यो अनुमतिपत्रमा उल्लेख गरिएको सर्वेक्षण क्षेत्रभित्र (अन्य कुनै खोला/नदीमा समेत) वा Upstream वा Downstream मा विगतमा निर्माण भएका वा निर्माणाधिन वा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र प्राप्त गरेका आयोजनाहरू वा कुनै विद्युत उत्पादनको जानकारी स्वीकृति प्रदान गरिएको भए वा भविष्यमा कुनै सर्वेक्षण अनुमतिपत्र वा जानकारी स्वीकृति प्रदान गरिएको खण्डमा सो आयोजनासङ्ग समन्वय गरी आवश्यक अध्ययन गर्नुपर्नेछ । त्यस्ता आयोजनाहरूको सम्बन्धमा अध्ययन प्रयोजनका लागि आवश्यक विवरण विद्युत विकास विभागमा अनुरोध गरी लिन सकिनेछ । यसबारे समन्वय हुन नसकेमा विभागले ऐन, नियमको परिधिभित्र रही निर्णय गर्नेछ ।

(ठ) प्रस्तावित आयोजनाको Upstream वा Downstream मा सिंचाइको कुलो, नहर, पानीघट्ट, पानीमिल, खानेपानी योजना तथा जल सञ्चालित अन्य आयोजना भए सोमा कुनै प्रतिकूल असर नपर्ने गरी आयोजनाको संरचना तथा आवश्यक पूर्वाधारहरूको संभाव्यता अध्ययन कार्य गर्नु पर्नेछ ।

(ड) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको सर्वेक्षण क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू (जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायत)को सर्वेक्षण अध्ययन गर्नुपर्नेछ । प्रस्तुत आयोजनाको फूल सप्लाइ लेभल १३५० मिटर (FSL:1350m amsl) भन्दा माथि नहुने गरी अध्ययन गर्नुपर्नेछ ।

(ढ) सर्वेक्षण कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर विद्युत ऐन, नियमावली एवम् जग्गा प्राप्ती ऐनको व्यवस्था अनुसार मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले नै क्षतिपूर्ति दिनुपर्नेछ ।

(ण) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमति दिईएको आयोजनाको निर्माण गर्न चाहेमा प्रकरण (५) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरू सम्पन्न गरी विद्युत नियमावली, २०५० को नियम १९ बमोजिम यस अनुमतिपत्रको म्यादभित्र नियम १२ बमोजिमका विवरणहरू खुलाई विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(त) यस अनुमतिपत्रमा उल्लेख भए भन्दा फरक हुने गरी आयोजनाको अध्ययन गर्नुपरेमा सोको पूर्व स्वीकृती लिनुपर्नेछ ।

(थ) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा आवश्यकता एवम् औचित्यका आधारमा विद्युत विकास विभाग/ऊर्जा मन्त्रालय र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(द) प्रस्तावित आयोजनाले यस अघि नेपाल सरकारको आरक्षित सूचीमा रहेको ३० मेगावाट क्षमताको मध्य कर्णाली जलविद्युत आयोजनालाई डुवानमा पार्ने देखिएकाले प्रस्तुत आयोजनाको अनुमतिपत्र दस्तुर बापत "विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३" को दफा १३. को उपदफा (३) को खण्ड (ख) अनुरूप अपफ्रण्ट शुल्क बापतको दस्तुर विद्युत उत्पादनको अनुमतिपत्र माग गर्दा बुझाउनुपर्नेछ र सो दस्तुर बुझाएपछि मात्र उत्पादन अनुमतिपत्र जारी गरिनेछ ।

(ध) प्रस्तावित आयोजनाले बुटवल पावर कम्पनी लिमिटेडका नाउंमा जारी १५९.६२ मेगावाट क्षमताको मुगुकर्णाली ज.वि.आ.को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र वि.उ.स. ९५१ लाई प्रभाव पार्ने देखिएकोले सो सम्बन्धमा प्रवर्द्धक द्वय बुटवल पावर कम्पनी लिमिटेड र विद्युत उत्पादन कम्पनी लिमिटेडका प्रतिनिधि विच मिति २०७५/२/३ मा आवश्यक समन्वयका लागि भएको सहमतिपत्र बमोजिम अध्ययन गर्नुपर्नेछ र उक्त सहमतिपत्र यो अनुमतिपत्रको अभिन्न अंग हुनेछ ।

(न) प्रस्तावित आयोजनाले पायोनियर हाइड्रो प्रा.लि.को नाउंमा जारी भएको ४.५ मेगावाट क्षमताको बडीगाड कोल्टी ज.वि.आ.लाई प्रभाव पार्ने देखिएकाले अध्ययनको क्रममा प्रस्तावित १९०२ मेगावाट क्षमताको जलाशययुक्त आयोजना बनाउन सम्भाव्य देखिएमा र प्रस्तुत आयोजनाले सो ४.५ मे.वा.को बडीगाड कोल्टी ज.वि.आ.लाई प्रभाव पार्ने भएमा सो वापतको उचित क्षतिपूर्ति प्रवर्द्धक विद्युत उत्पादन कम्पनी लिमिटेडले ब्यहोर्नुपर्नेछ ।

(प) क्षमता अभिबृद्धिका लागि प्रस्तावित आयोजना क्षेत्रमा रहेका अन्य अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थासंग समेत आवश्यकता अनुसार समन्वय र सहमति कायम गरी सर्वेक्षण अध्ययन गर्नुपर्नेछ ।

अनुमतिपत्र दिने अधिकारीको

सही :
नाम : अनुप कुमार उपाध्याय
पद : सचिव
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
मिति : २०७५/३/१५

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४